संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-९
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : ०१:२० बजे
बैठक स्थगित : ०२:५५ बजे

२०८० जेठ १४ गते, आइतवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको नवौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०१:२० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"विशेष समय"** मा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय नर बहादुर विष्ट**ले देशमा नक्कली भुटानी शरणार्थी प्रकरणको निष्पक्ष छानविन हुनुपर्ने बताउनुभयो। नेपालको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन प्रकृया गलत भएको बताउनुहुँदै उक्त आयोग र सम्पति शुद्धिकरण विभागमा निजामति सेवा बाहिरका व्यक्तिहरूलाई नियुक्त गर्नुपर्ने बताउनुभयो।

**माननीय रामचन्द्र राई**ले सदनमा सुशासन र भ्रष्ट्राचार निवारणका पक्षमा आवाज उठिरहेको बताउनुहुँदै निजी क्षेत्रले सामान्य पसल मार्फत नाफा आर्जन गर्न सक्ने तर नेपालका सार्वजनिक संस्थान दिन दिनै घाटामा गइरहनु अनौठो भएको बताउनुभयो। सामान्य कार्यालयमा बसेर कार्यक्रम उत्पादन गर्ने निजी टेलिभिजनले राम्रो आम्दानी गर्न सक्ने तर नेपाल टेलिभिजन घाटामा रहेको भन्ने सुनिनु आश्चर्यजनक रहेको बताउनुभयो। नेपाल टेलिभिजनमा भएका बेथिति सुधारमा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो।

**माननीय कमला पन्त**ले गोरखाको एक विद्यालय जसमा विगतमा ६०० विद्यार्थीहरू हुने गरेको तर हाल सो सङ्ख्या घटेर गएको, गाउँमा युवा नरहेको र वन्यजन्तुले गाउँलाई आक्रान्त पारेको बताउनुभयो। २०५२ साल पछि सुरु भएको द्वन्द्वले गाउँका मानिसहरू विस्थापित भएका तर द्वन्द्व समाप्त भइसक्दा पनि मानिसहरू गाउँ नफर्किएको र यसले गाउँलाई उजाड बनाउँदै लगेको बताउनुभयो। हाल नेपालमा सुधारिएको संसदीय व्यवस्था रहे पनि संसदीय मर्यादाको पालना हुन नसकेको बताउनुभयो।

**माननीय उदय बहादुर बोहरा**ले नेपालमा भ्रष्टाचारलाई राजनीतिक संरक्षण भएको बताउनुहुँदै कर्मचारीले मात्रै ठूला ठूला भ्रष्टाचार गर्न नसक्ने बताउनुभयो। ट्रान्स्परेन्सी इन्टरनेसनलको प्रतिवेदन अनुसार नेपालमा भ्रष्टाचारको सुचकाङ्क उच्च रहेको देखाएको बताउनुहुँदै यसको प्रमुख कारणको रुपमा भ्रष्टाचार निवारणका क्षेत्रमा काम गर्ने निकायहरू र न्यायालयको राजनीतिप्रतिको आस्था रहेको बताउनुभयो। यसले दण्डहिनता मौलाउने बताउनुभयो।

**माननीय बामदेव गौतम**ले भारत भ्रमणमा जान लाग्नुभएकोमा सम्माननीय प्रधानमन्त्रीलाई हाम्रो भूगोलको एकातर्फ सिंह र अर्कोतर्फ अजिङ्गर रहेको बताउनुहुँदै हामी अत्यन्त संवेदनशील क्षेत्रमा रहेको बताउनुभयो। सत्यलाई सत्य र गलतलाई गलत भन्न सक्नुपर्ने र निडर भएर आफ्ना मुद्धा राख्नुपर्ने

बताउनुभयो। लिम्पियाधुरा नेपालको भूभाग रहेको सावित नहुन्जेल पञ्चेश्वर परियोजनामा सम्झौता नगर्न आग्रह सम्माननीय प्रधानमन्त्रीलाई आग्रह गर्नुभयो।

**माननीय भगवती न्यौपाने**ले कतिपय स्वास्थ्यकर्मीहरूले अहिले सम्म ७/८ महिनादेखि तलव नपाइरहेको बताउनुभयो। नीति कार्यक्रम पेस भएर पारित भएको र बजेट पनि पेस हुने तर संसदमा भएका छलफलका विषयहरू नसमेटिने गरेको बताउनुहुँदै संसदमा उठेका विषयलाई समेट्नु पर्ने परिपाटीको विकास गर्नुपर्ने बताउनुभयो। विधेयक अधिवेशनले कतिपय विधेयक बनाउनुपर्नेमा सो जिम्मेवारी सरकारले प्रभावकारी रुपमा निर्वाह गर्न नसकेको बताउनुभयो।

**माननीय युवराज शर्मा**ले नेपालको संविधानमा लेखिएको गणतन्त्र र धर्मनिरपेक्षता मन नपराउनेहरूले नेपालमा राजतन्त्रको स्थापना गर्नुपर्ने बताउँदै आइरहेको बताउनुभयो। संविधानवादी दलले संविधान विरोधी दलसँग चुनावी तालमेल गर्न नहुने बताउनुहुँदै वर्तमान सन्दर्भमा सरकार संघीयता कार्यान्वयनमा दृढतापूर्वक लाग्नुपर्ने बताउनुभयो। आ.व. २०८०/८१ को बजेट मार्फत जनस्तरमा साधारण सुधारले नपुग्ने र आमूल परिवर्तनको कदम चाल्नुपर्ने बताउनुभयो।

**माननीय गोमा देवी तिमल्सिना**ले नेपाल सुन्दर देश भएको तर यसको उचित परिचालन वा व्यवस्थापन हुन नसकेको बताउनुभयो। भुटानी शरणार्थी प्रकरणले राजनीति र नेतृत्वप्रति नकारात्मक जनधारणा विकास गरेको बताउनुभयो। सबै दलका नेताहरू ज-जसको नाम यो प्रकरणमा जोडिएको छ सबैलाई छानविनको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो।

**माननीय भुवन बहादुर सुनार**ले गणतन्त्र दिवसको शुभकामना प्रदान गर्नुहुँदै वर्तमान समयमा भ्रष्टाचारको मुद्धा उठिरहेको र यसमा ठूला नेताहरू नै संलग्न हुनु गलत भएको बताउनुभयो। एकथरी जनता गाँस, वास र कपासको लागि संघर्ष गरिरहेको बताउनुहुँदै उक्त वर्गको उत्थानका लागि सरकारले पहल गर्नुपर्ने बताउनुभयो। अन्तरजातीय विवाहमा फर्जी मुद्धा लगाएर फसाउने परिपाटी विद्यमान रहेको बताउनुभयो।

**माननीय तुलसा कुमारी दाहाल**ले नेपालमा फरक फरक संस्कृति रहेको र सुत्केरी स्याहारमा पनि सांस्कृतिक विविधताको कारण फरक फरक धारणा रहेको बताउनुहुँदै कतिपय सामाजिक मान्यताले सुत्केरी महिलाहरूको स्वास्थ्यमा नकारात्मक प्रभाव पारिरहेको बताउनुभयो। सुत्केरी महिलाको स्याहारका लागि स्वास्थ्यप्रतिको सचेतना बढाउनुपर्ने र गर्भवती अवस्थाका महिला र शिशु स्याहारका लागि आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने बताउनुभयो। सम्माननीय प्रधानमन्त्री भारत भ्रमणमा जाँदा कालापानी, लिम्पियाधुरा र लिपुलेकको सम्बन्धमा पनि आवाज उठाउनुपर्ने बताउनुभयो।

**माननीय गंगा कुमारी बेलबासे**ले बजेट प्रस्तुतिको निकट सन्दर्भमा रहेको र आगामी बजेट चितवन राष्ट्रिय निकुञ्ज र माडी जोड्ने बाटो चाँडो बन्नुपर्ने माडीमा विद्युतको समस्या चाँडो समाधान हुनुपर्ने, स्थानीयहरू राष्ट्रिय निकुञ्जबाट पीडित रहेको, राष्ट्रिय निकुञ्जभित्र सुकुम्वासी वस्ती रहेकोले वन्यजन्तुको संरक्षण गर्दा मानवीय संरक्षणमा पनि ध्यान दिनुपर्ने लगायतका विषयहरूको उठान गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति एवं कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको जानकारी गराउनुहुँदै उक्त पत्रको ब्यहोरा जानकारी गराउनुभयोः

" **विषयः मन्त्री तथा राज्यमन्त्रीको नियूक्ति तथा कार्यभार सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०२/०९ गते देहायबमोजिम मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नु भएको ब्यहोरा अनुरोध गर्दछु।

| **क.सं.** | **नाम, थर** | **पद** | **कार्यविभाजन** |
|---|---|---|---|
| १. | श्री वीरेन्द्रप्रसाद महतो | मन्त्री | वन तथा वातावरण मन्त्रालय |
| २. | श्री प्रमिला कुमारी | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |

(डिल्ली राम शर्मा)
सचिव
२०८०/२/१०"

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको जानकारी गराउनुहुँदै उक्त पत्रको ब्यहोरा सभा समक्ष जानकारी गराउनुभयोः

"माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने **"सेभेन्टी-सिक्स्थ वर्ल्ड हेल्थ एशेम्बल्ली (**WHA76**)"** कार्यक्रममा सहभागी हुन मिति २०८० जेठ ६ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदले सम्हाल्ने गरी तोक्नुभएको ब्यहोरा अनुरोध गर्दछु।

(शंकरदास बैरागी)
मुख्यसचिव
२०८०/२/७ "

त्यसपछि, सम्माननीय अध्यक्षले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य जग प्रसाद शर्मा, माननीय सदस्य देवेन्द्र दाहाल र माननीय सदस्य रमेश जंग रायमाझी तथा सोही नियमावलीको नियम २८ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ, माननीय सदस्य मदन कुमारी शाह (गरिमा) र माननीय सदस्य मोहम्मद खालिदको नाम मनोनयन गरेको जानकारी गराउनुहुँदै सभा समक्ष सहमतिका लागि अनुरोध गर्नुहुँदा सभाले सहमति जनायो।

तदुपरान्त, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतलाई **"आर्थिक वर्ष २०७९/८० को आर्थिक सर्वेक्षण"** सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त सर्वेक्षण सभा समक्ष पेस गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल जेठ १५ गते आइतवार अपराह्न ६ बजेर १६ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव